आज मिति २०८२/०५/१५ गतेको दिन बेलुका ४:३० बजे यस ब्रह्मपुरी गाउँ कार्यपालिका प्रमुख श्री राम पदारथ साह तेलि ज्युको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न अनुसारको पदाधिकारिको उपस्थितिमा निम्न अनुसारको निर्णय गरियो।

उपस्थिति

| | | |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष श्री राम पदारथ साह तेली | अध्यक्ष |
| २. | गाउँपालिका उपाध्यक्ष श्री श्यामकला यादव | सदस्य |
| ३. | वडा नं. १ अध्यक्ष श्री निरन्जन प्रसाद कलवार | सदस्य |
| ४. | वडा नं. २ अध्यक्ष श्री शंकर साह | सदस्य |
| ५. | वडा नं. ३ अध्यक्ष श्री गौतम कुमार यादव | सदस्य |
| ६. | वडा नं. ४ अध्यक्ष श्री श्यामा बाबु साह | सदस्य |
| ७. | वडा नं. ५ अध्यक्ष श्री नबिन कुमार यादव | सदस्य |
| ८. | वडा नं. ६ अध्यक्ष श्री हिरेन्द्र कुमार यादव | सदस्य |
| ९. | वडा नं. ७ अध्यक्ष श्री राम सागर महतो कोइरी | सदस्य |
| १०. | का. स. श्री बिना कुमारी देवी | सदस्य |
| ११. | का. स. श्री दशरथ साह कानु | सदस्य |
| १२. | का. स. श्री पल्टु माझी | सदस्य |
| १३. | का. स. श्री रेखा कुमारी महतो | सदस्य |
| १४. | का. स. श्री शिव दुलारी देवी | सदस्य |
| १५. | का. स. श्री शान्ति देवी | सदस्य |
| १६. | प्रमुख प्रशासकीय अधिकृत श्री उपेन्द्र राउत | सदस्य सचिव |

आमन्त्रित

| | | |
|---|---|---|
| १७. | प्रशासन शाखा श्री रामा कान्त शाह | ज.स्वा.नि.(छैठौं) |

**प्रस्ताव नं.१** निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा।

निर्णय नं. १ प्रस्ताव नं.१ माथि छलफल गर्दा मिति २०८२।०५।१४ गतेका दिन ब्रह्मपुरी गाउँपालिका वडा न.६ र ७ नोकैल्वा-पिपरामा भइरहेको चेरी,लागु औषधी सेवन बिक्रि वितरण नियन्त्रणको लागी यस ब्रह्मपुरी गाउँपालिकाका अध्यक्ष ज्युको अध्यक्षतामा बसेको आम-भेला बैठकको निर्णयहरुलाई कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.२ बैंकको शाखा खोल्ने सम्बन्धमा।**

निर्णय नं. १ प्रस्ताव नं.१ माथि छलफल गर्दा ब्रह्मपुरी गाउँपालिका वडा नं. ५,६ र ७को सेवाग्रही तथा वृद्ध-वृद्धाहरु भत्ता लगायत अन्य बैंक सम्बन्धी सेवा लिन त्याँहा बाट ब्रह्मपुरी गाउँपालिका स्थित वडा नं.१को नबिल बैंक टाढा भएको कारण आउन कठिनाइ भएको तथा जनसंख्या वृद्धिका कारणले नविल वैंक वडा नं.०१ को शाखामा अत्यर्याधिक सेवाग्राहीको चाँप रहेकोले उक्त वडा नं. ५,६ र ७ को सेवाग्राही तथा वृद्ध- वृद्धाहरु तथा आम नागरिकलाई बैकिङ्ग कारोबार सहज तरिकाले सेवा प्रदानको लागी सरकारी वा अन्य कमर्शियल बैंकको शाखा यस पालिका अन्तर्गत वडा नं. ६ मा खोल्न सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

CamScanner